‘बाल युवा प्रौढको साथ, सबै सँग आर्थिक विकास’

# आर्थिक विकास मित्र
## बचत तथा ऋण सहकारी संस्था लि.
## Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.
पाँचखाल नगरपालिका-४, काभ्रेपलान्चोक

नेफ्स्कुन

मितिः

# Application for SMS/Mobile Karobar Services
## एस.एम.एस र मोबाइल कारोवार सुविधाका लागि आवेदन

The Chief Manager
श्री प्रबन्धक ज्यू

I/We hereby request you to provide me/u SMS Ale rt ☐ Mobile Karobar Service ☐ The required details are as follows (म/हामीलाई एस.एम.एस/मोबाइल कारोवार सुविधा प्रदान गरिदिनुहुन म/हामी तपाई समक्ष अनुरोध गर्दछु/छौं । आवश्यक विवरणहरु निम्न बमोजिम छन् ।)

Name of Member (सदस्यको नाम) : ....................................................................

....................................................................

Membership Number (सदस्यता नम्बर) : ....................................................................

Address (ठेगाना) : ....................................................................

| S. No<br>क्र. सं. | Account Type (Savings/Loan)<br>खाताको प्रकार बचत/ऋण | Account No<br>खाता नम्बर | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

☐ Auto Renewable ☐ Auto deduct charge from Account

Authorized Mobile Number
(आधिकारिक मोबाइल नम्बर)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

I/We hereby authorize the Co-Operative to debit my/our below mentioned A/C No. for applicable charges for the services availed to me/us and fully agree to the terms and conditions of the services that is mentioned in this form.
(म/हामीलाई सेवा उपलब्ध गराएवापत आवश्यक दस्तुरको लागि मेरो/हाम्रो उल्लेखित खाता नम्बर बाट खर्च जनाउनका लागि मैले/ हामीले सहकारी संस्थालाई अख्तियारी प्रदान गर्दछु/गर्दछौं र यस फारममा उल्लेख भएका सम्पूर्ण शर्तहरु मान्न तयार छु/छौं)

Authorized Account Number
(आधिकारिक बचत खाता नम्बर)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

Thank You(धन्यवाद)

Authorized signature (आधिकारीक हस्ताक्षर)

**For Official use only**
संस्थागत प्रयोजनका लागि मात्र

सदस्यको माग मुताविक प्रदान गरिएको सुविधाहरु : SMS Alert ☐ Mobile Karobar Service ☐

Form Checked by : (फारम जाँच गर्ने)

Input by: (प्रविष्टि गर्ने) :

Authorized by (स्वीकृत गर्ने)

Service Validity (सेवाको अवधि) :

Date (मिति) :

**परिभाषा :**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस लिखतमा निम्न शब्द तथा वाक्यांशको अर्थ निम्न बमोजिम हुनेछ ।

क) "संस्था" भन्नाले आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड जनाउँदछ ।

ख) "खाता" भन्नाले सदस्यले यस संस्थामा सञ्चालन गरेको वा भविष्यमा सञ्चालन गर्ने कुनै बचत खाता वा अन्य कुनै प्रकारको खातालाई जनाउँदछ ।

ग) "सदस्य" भन्नाले यस संस्थाको शेयर खरिद गरि बचत खाता सञ्चालन गरेको व्यक्ति सम्झनुपर्दछ र सो शब्दले संस्थाको सेवाको लागि आवेदन गरेको व्यक्तिलाई समेत सम्झनुपर्दछ ।

घ) "मोबाईल कारोवार सेवा" भन्नाले श्रोत खाताबाट रकम जम्मा गर्नका लागि निर्दिष्ट गरिएको खातामा रकम हस्तान्तरण गर्ने तथा सो मा मात्र सिमित नभएर बिल भुक्तानी गर्ने(नेपाल टेलिकमको पोष्टपेड, प्रिपेड मोबाईल तथा पि.एस.टि.एन. लाईन आदि)तथा भविष्यमा थप हुन सक्ने अन्य भुक्तानी समेतलाई सम्झनुपर्दछ ।

ङ) "श्रोत खाता" भन्नाले यस संस्थामा सदस्यले सञ्चालन गरेको खातालाई सम्झनुपर्दछ । मोबाईलबाट सुविधा प्रयोग गरि भुक्तानीको लागि सदस्यले दिएको निर्देशन बमोजिम भुक्तानी गरिएको रकम फरफारकको लागि सदस्यको श्रोत खातामा खर्च जनाइन्छ ।

च) "निर्दिष्ट खाता" भन्नाले मोबाइल कारोवार सेवामार्फत हस्तान्तरित रकम प्राप्त गर्ने व्यक्तिले संस्थामा सञ्चालन गरेको खातालाई जनाउछ । जसमा सो सेवाबाट हस्तान्तरित रकम जम्मा हुन्छ ।

छ) "मोबाईल नम्बर" भन्नाले मोबाईल कारोवार सेवा उपलब्ध गराउने प्रयोजनका लागि सदस्यले तोकिदिएको नम्बरलाई सम्झनुपर्दछ ।

ज) "एम. पिन" भन्नाले व्यक्तिगत परिचय नम्बरलाई सम्झनुपर्दछ जुन बिशिष्ट र संस्थाको आफ्नै प्रणालीले क्रमरहित तरिकाबाट उत्पादन गरेको हुन्छ । यो गोप्य पासवर्ड आधिकारिक व्यक्तिको पहुंचबाट मात्र सेवा प्राप्त गर्न प्रयोग गरिन्छ । यस्तै तल उल्लेखित एम.पिन शिर्षकमा समेत हेर्नुहोस ।

झ) "सेवा प्रदायक" भन्नाले अन्य निकाय, व्यक्ति आदिलाई सेवा प्रदान गर्ने तेश्रो पक्षलाई सम्झनुपर्दछ ।

ञ) नेपाल टेलिकम/एनसेल सेवा प्रदायक र/वा मोबाईल सञ्जालको सञ्चालक हुन ।

**शर्तबन्देज :**

क) आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लि. मोबाइल कारोवार सेवा व्यक्तिगत प्रयोजनको लागि मात्र हुनेछ ।

ख) संस्थामा दर्ता गरिएको गोपनियताको सम्बन्धमा सदस्यको कुनै गुनासो रहनेछैन । बैध मोबाइल नम्बर र पिन प्रयोग गरि गरिएको कुनै पनि अनुरोध सदस्य बाहेक अरु कसैको हौइन भन्ने कुरामा संस्था विश्वस्त रहनेछ ।

ग) सदस्यले अरु कसैलाई पनि अनधिकृत तरिकाले आफुनो सेवा प्रयोग गर्न दिने प्रयास गर्ने छैन ।

घ) आफुनो मोबाइल, सिम कार्ड वा पिन अरु अनधिकृत व्यक्तिले प्राप्त गरेको जानकारी हुने वित्तिकै संस्थालाई सूचित गर्नुपर्नेछ ।

ङ) संस्थाले प्रदान गरेको सेवा अन्तर्गत हुने सबै कारोवारको पूर्ण दायित्व सदस्यले लिनुपर्नेछ ।

च) बैध मोबाइल नम्बर र पिनको प्रयोग गरि यो सेवा अन्तर्गत सदस्यले गरेका कुनै पनि कारोवार सदस्यको जानकारीमा भएको भन्नेमा संस्था विश्वस्त हुनेछ ।

छ) यो सेवा लिए वापतको सेवा शुल्क वा सेवा प्रयोग गरे वापतको कुनै पनि कानुनी तथा अन्य बैधानिक शुल्क लाग्ने भएमा सो दायित्व वापत सदस्यको खाता डेबिट गर्ने पूर्ण अधिकार संस्थालाई हुनेछ ।

ज) यो सेवाको माध्ययमबाट प्राप्त निर्देशनहरु सदस्यबाटै प्राप्त भएका हुन् भन्नेमा विश्वस्त हुन नसकेमा संस्थाले ती निर्देशनहरु मान्न बाध्य हुने छैन ।

झ) सेवामा खराबी वा यो सेवाको माध्ययमबाट दिएको कुनै निर्देशन अनुसार कार्य गर्न नसकेको बाट उत्पन्न परिणाम प्रति संस्था जिम्मेवार, उत्तरदायी र जवाफदेही हुने छैन ।

ञ) खातामा पर्याप्त रकम उपलब्ध नभएका बेला सदस्यले रकमान्तर सेवा प्रयोग गर्ने गराउने छैन ।

ट) संयुक्त खाताबाट सबै पक्षको संयुक्त मञ्जुरीमा मात्र यो सेवा संयुक्त खातालाई प्राप्त हुनेछ । साथै संयुक्त खाताबाट भएका सबै कारोवारको दायित्व खाता संचालकहरुमा संयुक्त रुपमा हुनेछ । तथापि, कनै एक खातामा दर्ता गरिएको एउटा मोबाइल नम्बर बाट प्राप्त सेवा सम्बन्धि अनुरोधलाई मात्र मान्यता दिइनेछ ।

ठ) सदस्यले संस्थासँग रहेको कारोवारको अभिलेख बैध, अन्तिम तथा निर्णायक रुपमा स्वीकर गर्नेछ ।

ड) सो सेवाका माध्ययमबाट दिइएका कुनै निर्देशन स्वीकर नगरिएका कारण सदस्य तथा अरु कुनै तेश्रो पक्षलाई भएको हानी नोक्सानी प्रति संस्था जवाफदेही हुनेछैन ।

ढ) सदस्यलाई जानकारी दिई वा नदिई उल्लेखित सबै वा कुनै शर्त, बन्देज र सेवा शुल्क संशोधन गर्न, थपघट गर्न, हटाउन वा परिवर्तन गर्न सक्नेछ । यसरी गरिएको संशोधन, थपघट वा परिवर्तन सदस्यका लागि बाध्यकारी हुनेछ ।

ण) सदस्यले प्राप्त गरिरहेको एस.एम.एस. कारोवार र मोबाइल कारोवार सेवा पूर्व सूचना बेगर संस्थाले रद्द गर्न, कटौती गर्न वा नविकरण गर्न सक्नेछ ।

**शर्त तथा बन्देजहरु लागु हुने अवस्था**

उल्लेखित शर्त तथा बन्देजहरु सदस्यले पेश गरेको निवेदनको अभिन्न अंगको रुपमा रहनेछन् । त्यसलाई संस्थाले स्वीकार गरेपछि संस्था तथा सदस्य बिच सम्पन्न करारको रुपमा रहने छन्। साथै संस्थाले सहमति जनाएको अवस्थामा प्रस्तुत शर्त बन्देजहरु अन्य सेवा प्रदायकहरुको सम्बन्धमा पनि लागु हुनेछन् ।

**आवेदन**

यस सेवा प्रयोगको लागि संस्थाले तोकेको ढांचा बमोजिमको आवेदन सदस्यले संस्था समक्ष पेश गर्नु पर्नेछ ।

**सेवाग्राहीको योग्यता**

यो सुविधा उपयोग गर्न चाहने सदस्यले संस्थामा रहेको खाताको एकल खाता सञ्चालन वा स्वतन्त्र रुपमा कार्य गर्न अख्तियारी प्राप्त गरेको हुनुपर्नेछ । सबै मोबाइल सेटहरु यो सेवाको पहिचानका लागि मानिने छैनन् । सदस्यको मोबाइल सेटको कमजोरीको कारण सदस्यले यो सेवा प्राप्त गर्न नसकेमा वा यसको प्रयोग वा पहुंचको प्रयास वा सेवाको प्रयोगको परिणाम स्वरुप सदस्यको मोबाइल सेट हराएमा वा बिग्रेमा संस्था जिम्मेवार हुनेछैन ।

**एस. एम. एस**

एस.एम.एस सेवालाई सञ्चारको एक विधिको रुपमा प्रयोग गरिनेछ । सदस्यले तोकेको/दर्ता गरेको मोबाइल नम्बर र संस्थाले उपलब्ध गराएको आधिकारीक ठेगानाबाट एस.एम.एस सेवा आदान प्रदान गरिनेछ । तर सेवाको सम्बन्धमा सदस्य बाहेक अन्य व्यक्तिको एस.एम.एस सेवामा पहुंच पुगेको कारणले सदस्यले कुनै प्रकारको हानीनोक्सानी व्यहोर्नुपरेमा संस्था जिम्मेवार हुनेछैन ।

**एम. पिन**

पिनको सुरक्षा कायम गर्नको लागि सदस्यले पर्याप्त उपायहरुको अबलम्बन गर्नुपर्नेछ र पिनको प्रयोगबाट तोकिएको खातामा कारोबार गर्नको लागि संस्थालाई पर्याप्त अख्तियारी प्रदान भएको छ । यस अख्तियारी अन्तर्गत संस्थाले काम गर्न सक्नेछ र सो कामको लागि थप सोधपुछ गर्न संस्था बाध्य हुनेछैन ।

साथै संक्षिप्त सन्देश सेवामा निहित जोखिम तथा तेश्रो पक्ष (सेवा प्रदायक) मा भर पर्नुपर्ने भएको कारणले यो माध्यम सन्देश संप्रेषणको अति सुरक्षित माध्यम होइन भन्ने कुरा सदस्यले स्वीकार गरेको छ तसर्थ निम्न बमोजिमका नियन्त्रित उपायको माध्यमहरु अबलम्बन गरि सदस्यले आफुलाई सुरक्षित गर्नेछन् :

सदस्यले निम्न काम गर्नेछन :

क) तपाईको पिनको लिखित वा विद्युतिय कुनैरुपमा पनि अभिलेख नराख्ने, त्यसलाई नलेख्ने, कसैलाई नदेखाउने वा पिनको पहुंचमा कसैलाई अनुमति नदिने ।

ख) परिवारको सदस्य वा संस्थाका कर्मचारी लगायत त्यस संग प्रत्यक्ष सम्बन्धित अधिकारी कसैलाई पनि यसको जानकारी नदिने ।

ग) यसलाई कुनै लापरबाही वा हेलचक्राई देखाउने काम नगर्ने उदाहरणको लागि : यसलाई अरुले पत्ता लगाउन बाट रोक्नको लागि यसको सांचो बन्द गर्न आवश्यक सतर्कता अपनाउन सजक हुने ।

घ) संस्थाबाट आएका वा संस्थामा पठाएका सबै एसएमएसहरु भएको मोबाइल सेटलाई त्यसै नछाड्ने ।

ङ) मोबाइल सेटलाई लक गर्ने वा सेवाको अनाधिकृत प्रयोगलाई रोक्नको लागि अन्य आवश्यक उपाय अबलम्बन गर्ने र मोबाइल सेट चोरी भएमा वा हराएमा वा मोबाइल नं. परिवर्तन गरेमा तत्काल संस्थामा खबर गर्ने

च) सेवामा अनाधिकृत रुपमा हुने पहुच रोक्नको लागि अन्य कुनै वा सबै आवश्यक वा बाञ्छित कार्य गर्ने ।

छ) यदि पिन कसैको जानकारीमा आएमा वा देखिने सम्भावना भएमा सदस्यले त्यसलाई तत्काल परिवर्तन गर्नुपर्नेछ । संस्थाले सदस्यलाई नियमित रुपमा पिन परिवर्तन गर्नका लागि प्रोत्साहन गर्दछ ।

**उपलब्धता र प्रकटीकरण**

संस्थाले समय समयमा निर्णय गरेबमोजिम त्यस्ता सेवाहरु सदस्यलाई उपलब्ध गराउन प्रयत्न गर्नेछ । संस्थाले आफ्नो स्वविवेकमा त्यस्ता सेवाहरु थपघट गर्न सक्नेछ । संस्थाले आफ्ना सदस्य सेवाग्राहीहरुलाई निश्चित मोबाईल, नेटवर्क सञ्चालकहरुद्धारा सञ्चालित मोबाईल प्रयोग गर्न प्रस्ताव गर्ने अधिकार आफुमा सुरक्षित गरेको छ । तोकिएको मोबाइल फोन नम्बरबाट मात्र सदस्यको सेवाको पहुचलाई निश्चित गरिनेछ । मोबाइल फोन नम्बर प्रमाणित गर्ने माध्यमबाट सदस्यको प्रमाणित गरि पिन प्रदान गरेर वा आफ्नो स्वविवेकमा संस्थाले तोकेको प्रमाणीकरणको माध्यमबाट सदस्यको प्रमाणीकरण भइसकेपछि मात्र सदस्यको निर्देशन लागु गरिनेछ ।

तेश्रो पक्ष सेवा प्रदायक र सञ्चालन प्रणालीको असफलताका कारण वा कुनै कानूनी प्रावधान लगायत अन्य त्यस्तै जुनसुकै कारणले आफ्नो काबु बाहिरको परिस्थिति सृजना भई कुनै निर्देशनलाई कार्यान्वयनमा ढिलाई भएमा संस्था जिम्मेवार हुनेछैन ।

**संस्थाको अधिकार**

सदस्यले मोबाइल भुक्तानीलाई कार्यान्वयन गर्न निजका सबै खाताहरुमा पहुंचको लागि संस्थालाई अपरिवर्तनीय र निशर्त रुपमा अख्तियारी प्रदान गर्दछ । सदस्यले संस्थालाई आवश्यकता अनुसार सदस्यको अनुरोधलाई स्विकार गर्ने /कार्यान्वयन गर्ने प्रयोजनको लागि निजको खाताको जानकारी तेश्रो पक्षलाई समेत उपलब्ध गराउनको लागि थप अख्तियारी प्रदान गर्दछ ।

**अभिलेख**

कारोबारको समय लगायत सदस्यले सेवा उपभोग गरेवापतको संस्थाले अभिलिखित गरि तयार गरेका कारोबारको सम्पूर्ण अभिलेखहरु कारोबारको वास्तविकता तथा सत्यताको लागि निर्णायक प्रमाणको रुपमा रहनेछ । कारोबारको विवरणको अभिलेख तयार गर्नको लागि सदस्यले संस्थालाई व्यक्तिगत रुपमा यसैमार्फत अख्तियारी प्रदान गर्दछ ।

**निर्देशन**

सेवा प्राप्त गर्नको लागि सबै निर्देशनहरु संस्थाले निर्दिष्ट गरेको ढाँचामा मोबाइल फोन नं. बाट दिनु पर्नेछ । संस्थालाई उपलब्ध गराइएको निर्देशनको शुद्धता र आधिकारिकताको सम्बन्धमा सदस्य स्वयम जिम्मेवार रहनेछ र त्यसरी प्राप्त निर्देशन नै सेवा प्रदान गर्नको लागि पर्याप्त मानिनेछ ।

**दायित्वबाट उन्मुक्ति**

सेवा प्रदान गरिएको भौगोलिक क्षेत्रबाहिर भएको कारणले गर्दा कुनै सदस्यले सेवा लिन असमर्थ भएमा सोको जिम्मेवार संस्था हुने छैन । यदि आफ्नो मोवाइल नं. अर्को व्यक्तिलाई वितरण गरेको र/वा खातामा अनधिकृत कारोवार भएको र/वा मोवाइल फोन र/वा सिम हराएको पाईएमा सदस्यले संस्थालाई तुरुन्त जानकारी दिनु पर्नेछ । देहायको अवस्थामा संस्था जवाफदेही हुने छैन भन्ने कुरामा सदस्यको मञ्जुरी छ,

- सदस्यले जानी वा नजानी तेश्रो पक्षलाई आफ्नो पिनको जानकारी दिएको कारणले सेवाको दुरुपयोग भएमा ।
- सदस्यले यसमा उल्लेखित कुनै शर्त वा बन्देजको उल्लंघन गरेमा ।
- आफ्नो खाता अनधिकृत व्यक्तिहरुले प्रयोग गरिरहेको वा गलत कारोवार भईरहेको कुरा उपयुक्त समयमा संस्थालाई जानकारी नगराएको कारण सदस्यलाई कुनै किसिमको हानी नोक्सानी भएमा ।
- मोवाइल नं. परिवर्तन भएको कारणले वा मोवाइल फोन नं. प्रयोगहिन भएको कारणले गर्दा सेवा उपभोग गर्न असमर्थ भएमा सो को जिम्मेवार संस्था हुने छैन ।

सदस्य स्वयं वा अरु कसैले सदस्यको मोवाइल नं. प्रयोग गरि सेवा पहुँच पुऱ्याई कारोवार गरेमा त्यता कारोवार सदस्य स्वयंले नै गरेको हो भन्ने कुरा स्वीकार गर्न सदस्यको मञ्जुरी छ । प्राकृतिक प्रकोप, कानूनी अवरोध, मोवाइल सेवा प्रदायकको गल्ती, लापरवाही, नेटवर्कमा अवरोध, सेवा प्रदायक तेश्रो पक्षको असक्षमता लगायत संस्थाको नियन्त्रण बाहिरका कनै कारणले सेवा प्राप्त हुन नसकेमा संस्था जवाफदेही हुने छैन ।
प्रत्यक्ष, अप्रत्यक्ष वा आकस्मिक जुनसुकै कारणले गर्दा सदस्य वा अन्य कसैलाई पर्न गएको नैतिक, चारित्रिक वा प्राकृतिक क्षति, व्यपार व्यवसायमा हुन गएको नोक्सानी र आयमा भएको नोक्सानीको कुनैपनि परिस्थितिमा संस्था जवाफदेही हुने छैन ।
सदस्यले सेवाको अवैध वा अनुचित प्रयोग गरेमा संस्थाले सदस्यलाई जरिवाना गर्नेछ र सदस्यको सेवा पनि बिना कुनै सूचना बन्द गर्नेछ ।

**क्षतिपूर्ति**

संस्थाले प्रदान गरेको सेवाको सम्बन्धमा सदस्यको निर्देशन छुट्न गएमा वा पालना हुन नसकेमा वा निर्देशन स्वीकर नगरेका कारण संस्थालाई भएको वा जुनसुकै समयमा हुनसक्ने कारवाई, मागदावी, क्षती, हानी, खर्च, शुल्क वापत संस्थालाई सुरक्षित राख्न तथा क्षतिपूर्ति दिन सदस्यको मञ्जुरी छ । मोबाइल सेवा प्रदायकको नेटवर्कमा भएको खराबीका कारण सदस्यको निर्देशन छुटन गएमा वा ढिला कारवाही भई कुनै किसिमको हानी नोक्सानी भए सो को जिम्मेवारी संस्थाले लिने छैन ।
देहायको अवस्थामा सदस्यले संस्थालाई कुनै किसिमको क्षति नोक्सानी पुऱ्याउने छैन र क्षतिपूर्तिको माग गर्ने छैन ।

- सदस्यले आफूले पाएको सेवा तेस्रो पक्षलाई प्रयोग गर्न दिएमा ।
- आफ्नो मोबाइल फोन अरुलाई प्रयोग गर्न दिएमा वा आफ्नो अनुपस्थितिमा फोन छाडेमा वा फोन हराएमा ।

**शुल्क/महशुल**

सदस्यलाई सूचना दिई वा नदिई आफूले प्रदान गरेको सेवा वापत निर्धारण गरेको शुल्क/महशुल समयानुकुल रुपमा परिवर्तन गरेर संस्थाको नियमानुसार सदस्यको खाता डेबिट गरि लिन सक्नेछ साथसाथै सदस्य स्वयंले मोबाइल सेवा प्रदायकलाई सेवा प्रयोग वापतको निर्दिष्ट सेवाशुल्क भुक्तानी गर्नुपर्नेछ । यस्ता कुनैपनि सेवाशुल्क भुक्तानीको लागि पूर्णरुपमा सदस्यको जिम्मेवारी हुनेछ ।

**संशोधन**

शर्तबन्देज थपघट गर्न, हटाउन, वा परिवर्तन गर्न संस्थालाई सम्पूर्ण रुपमा अधिकार हुनेछ र त्यसरी संस्थाले संशोधन गरेका प्रावधानहरुको पालना गर्न सदस्य बाध्य हुनेछ ।

**सेवाको समाप्ति**

क) सदस्यले संस्था समक्ष लिखित सूचना दिई कनै पनि समय सेवा अन्त्य गर्न सक्नेछ । सेवा अन्त्य गर्नु पूर्व सदस्यको मोबाइलबाट भएका सबै कारोबारको जिम्मेवारी सदस्य स्वयंले लिनेछ ।

ख) सदस्यलाई पूर्व सूचना दिई वा नदिई संस्थाले आफ्नो स्वविवेक वा स्वेच्छामा सेवा पूर्ण वा आंशिक रुपमा बन्द गर्न सक्नेछ । आकस्मिक सुरक्षात्मक कारणले मर्मत संभार गर्नुपर्ने अवस्था भएमा संस्थाले बिना पूर्व सूचना सेवा स्थगन गर्न सक्नेछ ।

ग) सदस्यले सदस्यता खारेज गरेमा यो सेवा पनि स्वत: समाप्त हुनेछ ।

घ) सेवाको शर्तबन्देजहरुको उल्लंघन भएमा वा सदस्यको मृत्यु भएको वा टाट पल्टेको वा सदस्यको बैधानिक अस्तित्व समाप्त भएको वा संस्थालाई अस्वीकार्य अन्य परिस्थिति उत्पन्न भएमा सेवा बन्द गर्न संस्था स्वतन्त्र रहनेछ ।

मिति :

सदस्यको हस्ताक्षर